कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क ११, २०७३ जेठ, Year 3, Issue 11, June 2016

राजस्व संकलन २९ प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७२/०७३ जेठ मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा २९ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७२/०७३ जेठ महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व ६५ अर्व ७४ करोड ८० लाख ३२ हजार रहेकोमा रु. १ खर्व ७० अर्व ५९ करोड ३८ लाख २० हजार संकलन भई लक्ष्यको तुलनामा १०२ प्रतिशतको प्रगति भएको छ । शिर्षकगत

Sector wise Revenue Collection Upto 2073 Jestha

Sector	Monthly Target	Monthly Collection	Percent	Total Target	Total Collection	Percent
Income Tax	6961705	3297393	47.36	79106387	83218057	105.2
House Rent Tax	144363	229262	158.81	2920853	2643856	90.52
Interest	100511	170512	169.65	7591171	6493347	85.54
VAT (Internal)	4243430	5160805	121.62	43229481	43795542	101.31
Excise (Internal)	3777460	4929244	130.49	31766813	33270654	104.73
Health Service	8121	24910	306.74	601378	664780	110.54
Education	8512	21303	250.27	531949	507584	95.42
Total	15244102	13833430	90.75	165748032	170593820	102.92

रूपमा हेर्दा आयकर तर्फ रु. ९२ अर्व ३५ करोड ५२ लाख ६० हजार, मूल्य अभिवृद्धि कर रु. ४३ अर्व ७९ करोड ५५ लाख ४२ हजार र अन्तःशुल्क तर्फ रु. ३३ अर्व २७ करोड ६ लाख ५४ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०३ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०१ प्रतिशत र अन्तशुल्क तर्फ १०४ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. ५० बाँकी १२ पेजमा....

आन्तरिक राजस्व विभाग र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागबीच

सूचना आदान प्रदान गर्ने सम्झौता

सम्झौताको आदान प्रदान गर्नुहुँदै आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक श्री किशोरजंग कार्की ।

काठमाडौं । सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण एवं कर छली नियन्त्रणका लागि सूचना आदान प्रदान गर्ने सम्बन्धमा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग र आन्तरिक राजस्व विभाग बीच पारस्परिक समझदारी पत्रमा जेठ ५ गते हस्ताक्षर भएको छ । आन्तरिक राजस्व विभागको तर्फबाट महानिर्देशक श्री चुडामणि शर्मा र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको तर्फबाट महानिर्देशक श्री किशोरजंग कार्कीले समझदारी पत्रमा हस्ताक्षर गर्नु भएको हो । आन्तरिक राजस्व विभाग र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको अनुसन्धान कार्यलाई थप प्रभावकारी बनाई अन्तर निकाय सहयोग समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन आवश्यक भएकोले समझदारी पत्रको आदान प्रदान भएको हो ।

समझदारी पत्रको पूर्ण पाठ :

सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागले सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण एवं कर छली नियन्त्रणका लागि आ-आफनो कार्य सम्पादन गर्ने क्रममा प्राप्त सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी एवं कर छली सम्बन्धी सूचना आदान प्रदान गर्ने सम्बन्धमा दुवै पक्षले देहाय बमोजिम गर्ने गराउने गरी यो पारस्परिक समझदारी गरिएको छ :

१. सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी एवं कर छली सम्बन्धी अनुसन्धान गर्न प्रभावकारी बाँकी ५ पेजमा....

यसभित्र

कार्यालयको कर सहभागिताको स्तर उत्साहजनक रहेको छ
अर्जुनप्रसाद पोखरेल-
प्रमुख कर प्रशासक
आ.रा.का. काठमाडौं, क्षेत्र नं २
पृष्ठ ३

शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको सफ्टवेयर निर्माण हुँदै
पृष्ठ ७

आ.व. २०७२/७३ वैशाखसम्मको राजस्वसंकलनको समीक्षा
पृष्ठ ७

महानिर्देशकको सन्देश

विकास र समृद्धिको लागि स्रोत परिचालन आवश्यक भएको सन्दर्भमा आन्तरिक स्रोत परिचालनका लागि 'स्वच्छ प्रशासन' स्वच्छ व्यवसायको अवधारणा अनुरुप कर सुधारलाई फराकिलो र सघन बनाउदै लैजाने नीति लिइएको छ । राजस्व नीतिले परिलक्षित गरे अनुसार राजस्व नीतिका उद्देश्यहरु किटान गरिएको छ । लगानीमैत्री गतिविधि तथा कार्य प्रणाली, वित्तीय उत्प्रेरणा, व्यापार सहजीकरण, कराधारको संरक्षण, पारदर्शिता र गैर करको योगदान बढाउने राजस्व नीतिका उद्देश्य रहेका छन् ।

हामी अब आर्थिक वर्ष २०७२/७३ को उत्तरार्धतर्फ आइपुगेका छौं । यस समयमा एकातर्फ हामीले यस आर्थिक वर्षको गर्नुपर्ने बाँकी कार्यहरु सम्पन्न गर्नु छ भने आगामी वर्षको लागि नयाँ कार्यनीति, कार्यविधि तथा कार्यान्वयन रणनीति एवं यस विभागको व्यवसायिक कार्य योजना बनाउनु पर्नेछ । यस परिस्थितिमा हामीले बाँकी समयको अधिकतम सदुपयोग गरी उल्लेखनीय कार्य प्रगतिका साथ कार्य सम्पन्न गर्नुपर्ने छ ।

गत जेठ १५ गते आगामी आर्थिक वर्ष २०७३/०७४ को बजेट सार्वजनिक भइसकेको छ । यस बजेटको साथ साथै राजस्व नीति, कार्यक्रम तथा कार्य योजनाहरु आइरहेका छन् । आगामी वर्षको लागि रु १० खर्व ४८ अर्व ९२ करोड १३ लाख ५४ हजारको बजेट घोषणा भइसकेको छ । सो अन्तर्गत चालु खर्चतर्फ रु ६ खर्व १७ अर्व १६ करोड ४१ लाख २९ हजार र पूजीगत तर्फ रु ३ खर्व १ अर्व ९४ करोड ६३ लाख २५ हजार र वित्तीय व्यवस्था तर्फ १ खर्व १९ अर्व ८१ करोड ९ लाखको बजेट पेश भएको छ ।

त्यसैगरी आगामी आर्थिक वर्ष २०७३/७४ को लागि राजस्वबाट रु ५ खर्व ६५ अर्व ८९ करोड ६५ लाख, सावा फिर्ताबाट रु १० अर्व र वैदेशिक अनुदानबाट रु १ खर्व ६ अर्व ९ करोड ६४ लाख १ हजार र आन्तरिक ऋणबाट रु १ खर्व १ अर्व र नगद मौज्दातबाट रु ५९ अर्व ४१ करोड २७ लाख ६ हजार व्यहोरिने उल्लेख छ ।

उपरोक्त राजस्वबाट व्यहोर्न पर्ने रु ५ खर्व ६५ अर्व ८९ करोड ६५ लाख मध्ये आन्तरिक राजस्व विभागले रु २ खर्व ३३ अर्व ६० करोड १५ लाख १७ हजार संकलन गर्नुपर्नेछ । सो लक्ष्य मध्ये आयकरबाट रु १ खर्व १४ अर्व १८ करोड ९८ लाख ३० हजार वहाल करबाट रु ३ अर्व ७५ करोड २४ लाख १० हजार व्याजकरबाट रु ९ अर्व ५८ करोड १ लाख गरी आयकरबाट जम्मा रु १ खर्व २७ अर्व ३२ करोड ८७ लाख ५४ हजार अन्तःशुल्कबाट रु ४५ अर्व दुई करोड ५२ लाख ३२ हजार शिक्षा सेवा शुल्कबाट रु ७५ करोड ६२ लाख ४८ हजार र स्वास्थ्य सेवा करबाट रु ९६ करोड ८९ लाख ४३ हजार संकलन गर्नुपर्ने छ ।

विकास र समृद्धिको लागि स्रोत परिचालन आवश्यक भएको सन्दर्भमा आन्तरिक स्रोत परिचालनका लागि 'स्वच्छ प्रशासन' स्वच्छ व्यवसायको अवधारणा अनुरुप कर सुधारलाई फराकिलो र सघन बनाउदै लैजाने नीति लिइएको छ । राजस्व नीतिले परिलक्षित गरे अनुसार राजस्व नीतिका उद्देश्यहरु किटान गरिएको छ । लगानीमैत्री गतिविधि तथा कार्य प्रणाली, वित्तीय उत्प्रेरणा, व्यापार सहजीकरण, कराधारको संरक्षण, पारदर्शिता र गैर करको योगदान बढाउने राजस्व नीतिका उद्देश्य रहेका छन् । आर्थिक समृद्धिका लागि कर प्रणालीमा सुधार ल्याई एकीकृत कर संहिता, संघ, प्रदेश र स्थानीय तहको नमूना कर कानूनतः करको दायरा विस्तार गरी थप ३ लाखलाई करको दायरामा ल्याउने, चालिस लाख रुपैयाँ भन्दा बढी आय हुनेको डाटावेश बनाउने, एक करोड रुपैयाँसम्म कारोवार गर्ने करदाताको लेखा परीक्षण गर्न नपर्ने नीति ल्याइएको छ । त्यसका साथै वस्तु तथा सेवा मिश्रित कारोवारको थ्रेस होल्ड रु २० लाख कायम गरिएको, कर लाग्ने व्यक्तिगत तथा परिवारको सीमा वृद्धि गरिएको, अन्तःशुल्क लाग्ने केही वस्तुको अन्तःशुल्क वृद्धि गरिएको तथा कारोवारमा लाग्ने करको दरहरुलाई पुनरावलोकन गरी घटाइएको छ ।

यसरी यस वर्ष कर प्रणाली सुधार, करको दायरा विस्तार लगायतका सुधारबाट कर प्रणालीमा अनुकूल हुने गरी परिवर्तन गरिएको छ । यस सन्दर्भमा म कर प्रशासनमा कार्य गर्ने सम्पूर्ण कर्मचारीलाई चालु वर्षको लागि गर्नुपर्ने कार्यहरुको लक्ष्य अनुरुप प्रगति गर्नको लागि थप सक्रिय, गतिशील र इमान्दार भई कार्य गर्दै आगामी वर्षको लागि अवलम्बन गर्नुपर्ने कार्यान्वयन रणनीति तथा गर्नुपर्ने कार्यको कार्य योजना बनाई त्यस अनुरुप कार्य सम्पादन गर्न गराउन अनुरोध गर्दछु ।

२०७३, असार

चुडामणि शर्मा
महानिर्देशक

कार्यालयको कर सहभागिताको स्तर उत्साहजनक रहेको छ

अर्जुनप्रसाद पोखरेल
प्रमुख कर प्रशासक
आन्तरिक राजस्व कार्यालय, काठमाडौं, क्षेत्र नं २

० आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ अन्तर्गतका करदाताहरुको कारोवारको संरचना तथा प्रकृतिको बारेमा बताइ दिनुहोस् ?

- आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १, २ र ३ का करदाताहरुको कारोवारको संरचना आन्तरिक राजस्व विभागले नै विशिष्टिकृत गरिदिएको छ । बैंक तथा वित्तिय क्षेत्र बाहेक अन्य वस्तु तथा सेवाहरुको कारोवार गर्ने करदाताहरुको सन्दर्भमा यस कार्यालयले पाँच करोड भन्दा माथि, चालीस करोड भन्दा मुनिको कारोवार गर्ने करदाताहरुको प्रशासन गर्दछ। बैंक तथा वित्तिय क्षेत्रको हकमा भने पाँच करोड देखि पच्चीस करोडसम्म कारोवार गर्ने करदाताहरु मात्र यस कार्यालयको प्रशासनको दायरा भित्र पर्दछन्। व्यवसायिक प्रकृतिको सन्दर्भमा यस कार्यालयको कार्यक्षेत्र भित्रका करदाताहरु विशेषगरी वस्तुको आयात निर्यात तथा खरिद विक्रीसंग सम्बन्धी अधिक कारोवार रहेको छ भने सुनचाँदि तथा औषधि जन्य वस्तुहरुको व्यवसाय पनि उल्लेख्य मात्रामा रहेको छ ।

० आर्थिक वर्ष सकिन १ महिना मात्र बाँकि भएको सन्दर्भमा राजस्वको लक्ष्य र असुलीको अवस्थाको बारेमा उल्लेख गर्दै आगामी दिनको रणनीति बारेमा केही बताई दिनुहोस् ?

- २०७३ बैशाखसम्मको जम्मा राजस्व लक्ष्य रु. २४७६८७२ हजार भएकोमा जम्मा रु. २१११८३५ हजार औषत लक्ष्यको ८५ प्रतिशत संकलन भएको छ । पूर्ण लेखा परीक्षण, अनुसन्धान तथा बक्यौता असूलीमा अपनाएका रणनीतिको कारणले राजस्व असुलीमा सकारात्मक प्रभाव देखिन थालेको र मिति २०७३।२।२७ सम्म यस महिनाको लक्ष्य भन्दा १२ करोड बढी राजस्व असुली भइसकेकोले यसै रुपमा निरन्तरता दिई यस वर्षको लक्ष्य पुरा हुने अपेक्षा गरिएको छ ।

० बजारमा विल विजक लिने दिने तथा कर चुहावट नियन्त्रणाका लागि के कस्ता क्रियाकलाप सञ्चालन भईरहेका छन् सो बारेमा बताइदिनुहोस् ?

- जनचेतनाको अभावमा वस्तु तथा सेवाहरुको खरिद विक्रीमा विल विजक लिने दिने व्यवहार न्यून भएको छ । जसका कारण राजस्व चुहावटको समस्या बढिरहेको अवस्थामा क्रेता एवं विक्रेता दुवै पक्षलाई सचेत गराउने हाम्रो पहिलो जिम्मेवारी हो भने सचेत हुनु सबैको कर्तव्य हो । यति हुँदाहुँदै पनि विल विजक लिने दिने कार्यमा व्यावसायिहरुलाई नै बढी जिम्मेवार बनाउनु पर्ने भएकोले Current Year Audit, TDS Audit तथा नियमित बजार अनुगमनको काम भैरहेको छ । त्यसैगरी आम उपभोक्ताहरुलाई पनि विल लिन उत्प्रेरित गर्न करदाता शिक्षा कार्यक्रम संचालन गर्ने गरिएको छ । साथै विभिन्न माध्यमबाट प्राप्त सूचनाका आधारमा विश्लेषण पश्चात अनुसन्धानात्मक कर परीक्षण समेत गर्ने गरिएको छ ।

० कर परीक्षणलाई परिणाममुखि र प्रभावकारी बनाउन कुनै कार्य गर्नु भएको छ ?

- कर परीक्षण गर्ने कार्य जटील कार्य हो । कर परीक्षण योजना बनाएर करदाताको कारोवार स्थलमा गएर कर परीक्षण गर्ने र त्यसपछि उपलब्ध सबै तथ्यांक विश्लेषण गरेर कर परीक्षण गर्ने तथा करदाताले बुझाउन छुट भएको कुनै कर भए त्यो पत्ता लगाई कर निर्धारण गर्ने गरिएको छ । कर परीक्षणलाई प्रभावकारी बनाउन करदाताको फाइल र उपलब्ध भएसम्मका तथ्यांकहरु कार्यालयमा बसेर अध्ययन टिपोट गरिन्छ । त्यसपछि उपलब्ध जानकारीका आधारमा कर परीक्षण गरी करदाताको दायित्व एकिन गरिन्छ। यसका निमित्त दक्ष जनशक्ति आवश्यक पर्ने हुँदा कर परीक्षण सम्वन्धी तालिम कर अधिकृतहरुलाई उपलब्ध गराउने र कर परीक्षणमा देखिएका नविनतम Issue हरुलाई एक अर्कामा शेयर गर्ने परिपाटी कार्यालयमा थालनी गरी छलफललाई तिव्रता दिइएको छ । कर परीक्षण कार्य प्रारम्भ गर्नु अघि नै Tax Audit Plan बनाएर उक्त योजना बमोजिम कर परीक्षण प्रभावकारी रुपमा सम्पन्न गर्ने गरिएको छ । कर परीक्षण कार्य गर्दा Check List तयार गरी सम्वन्धित आ.व. अघिको कर परिक्षणको अवस्था के छ ? विवरणका साथ के कस्ता कागजातहरु समावेश गरेको छ ? आयकर तथा मू.अ. करको बाँकि बक्यौता अवस्था, बेरुजुको अवस्था एवं प्रशासकिय पूनरावलोकन र पूनरावेदन आदिको अवस्था समेत ध्यानमा गर्ने गरिएको छ ।

० विगत लामो समयदेखि रहेका वक्यौताको असुली सम्बन्धी कुनै रणनीति बनाउनु भएको छ ? छ भने प्रकाश पार्नुहोस् ।

- विगत लामो समयदेखि रहेका वक्यौताको कर निर्धारणसँग सम्वन्धित कागजातहरुको खोजी गरी फर्मको प्रोप्राइटरर साझेदार र संचालकको नाम नामेसी विवरण तयार गरी बक्यौता असुलउपर गर्ने कार्य ज्यादै जटिल रहेको छ । यसको अलावा स्थायी लेखा नम्वर लिइसकेका र यस कार्यालय अन्तरगतका करदातामा नरहेका करदाताको बक्यौता पनि यसै कार्यालयको बक्यौता रेकर्डमा विद्यमान भएकोले र सम्वन्धित करदाताले दर्ता रहेको कार्यालयबाट आफ्नो कार्य सम्पन्न गर्ने भएकोले यस्ता करदाताको बक्यौता असुलीको प्रभावकारीताको लागि निम्नानुसारको रणनीति बनाई कार्यान्वयन गरिदैं आइएको छ ।

- कूल बक्यौतालाई स्थायी लेखा नम्वर लिएका र नलिएका करदातालाई वर्गीकरण गरी स्थायी लेखा नम्वर लिएका करदातालाई बक्यौता तत्काल असुलउपर गर्ने ।
- स्थायी लेखा नम्वर लिएका तर बक्यौता लगतमा स्थायी लेखा नम्वर उल्लेख नगरिएका करदाताको पहिचान गरी स्थायी लेखा नम्वर उल्लेख गरी सम्वन्धित

कार्यालयमा स्थानान्तरण गर्ने ।

- टेलिफोन सम्पर्क पत्राचार संकलन भ्रमण गर्दा समेत बक्यौता दाखिला नगर्ने करदाताको आयात, निर्यात, बैंक खाताको कारोवार एवं सम्पत्ति समेत रोक्का गरी बक्यौता असुलउपर गर्ने ।

० हाल कारोवार गरिरहेका करदाताको कर सहभागिताको स्तर र समस्याहरुको बारेमा बताइ दिनुहोस् ?

- कर सहभागिताको स्तर मापन गर्ने पहिलो माध्यम करदाताहरुले दाखिला गर्ने नियमित आय विवरण तथा मू.अ. करको विवरणलाई मान्ने हो भने यस कार्यालयको कर सहभागिताको स्तर उत्साहजनक रहेको छ। जेठ महिनाको तेस्रो हप्ताको तथ्याङ्कलाई हेर्ने हो भने कूल ४९० मू.अ. करमा दर्ता भएकोमा जम्मा २ जना करदाताले मात्र विवरण अद्यावधिक नगरेको अवस्था छ भने आयकर तर्फ ६८२ करदाताहरु मध्ये जम्मा ६५ करदाताहरुले मात्र विवरण दाखिला गर्न बाँकि रहेको अवस्था छ । विवरण दाखिला नगरेका अधिकांश करदाताहरुसँग सम्पर्क हुदाँ नाकावन्दि संगै तराई मधेसमा भएको आन्दोलनले उत्पन्न भएको असहजता र सोको प्राविधिक कारण देखाएको हुँदा आगामि वर्षहरुमा आयकर तर्फको ननफाइलर पनि एक प्रतिशतमा झार्ने लक्ष्यका साथ करदाता सूचना अद्यावधिक गरी सम्पर्क गर्ने गरिएको छ ।

० कर प्रशासनका कार्यहरु प्रविधि मैत्री छ भनिन्छ, हाल कार्यालयमा सूचना प्रविधिको प्रयोगको अवस्थाबारे बताइ दिनुहुन्छ कि ?

- निश्चयनै, नेपाल सरकारको अन्य मन्त्रालय विभाग तथा कार्यालय स्तरमा प्रयोग भैरहेको सूचना प्रविधिको स्तर तुलना गर्ने हो भने आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग उत्कृष्ट रहेको छ । कर प्रशासनको मुख्य कार्यहरु दर्ता, नियमित विवरण दाखिला, प्रमाणिकरण एवं दर्ता खारेजि जस्ता सम्पूर्ण कार्यहरु एकिकृत कम्प्युटर प्रणालि (ITx) द्वारा नै गर्ने गरिन्छ। करदाताले अधिकांश सेवा सुविधाको लागि Web को माध्यमबाट नै आवेदन दिन सक्ने व्यवस्था छ। करदाताले आफैले Username र Password लिएर मू.अ. कर र आयकरको विवरण प्रमाणित गर्न सक्ने अनलाइन व्यवस्था गरिएको छ । करदाता सम्बन्धी अधिकांश सूचनाहरु कम्प्युटर प्रणालीमा नै उपलब्ध हुने व्यवस्था रहेको छ । यसरी हेर्दा आ.रा.वि.मा सूचना प्रविधिको प्रयोग व्यापक रहेको छ भन्न सकिन्छ। यसका अतिरिक्त आयकर तर्फ कर परिक्षण एवं अनुसन्धानमुलक करपरिक्षणबाट कर निर्धारण भै माग भएको अवस्थामा मागबमोजिम करदाताले रकम दाखिला गर्दा ITx प्रणालीमा स्वत समायोजन व्यवस्था गर्न सके हालको लगत कट्टा प्रकृया (करदाताबाट निवेदन लिने, PDCR गर्ने अतिरक्त प्रकृया घट्न जाने) सरल हुन सक्छ। VAT मा जस्तै IT मा समेत स्वचालित प्रणाली विकास गर्नु पर्ने देखिन्छ । RIMS र ITS प्रणाली बिच Data Systemized गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

० करदाता शिक्षा कर प्रशासनको महत्वपूर्ण कार्य हो त्यसैले करदातालाई शिक्षित बनाउन कस्ता खालका कार्यक्रम सञ्चालन गर्नु भएको छ ? बताईदिनु हुन्छ कि ?

- प्रभावकारी सेवा प्रवाहका लागि करदाता पनि उतिकै सचेत हुन आवश्यक छ । त्यसैगरी वृहत कर सहभागिताका लागि करको दृष्टिकोणमा सक्षम करदाता भएमात्र सम्भव हुन्छ । त्यसका लागि कर प्रशासनसंग सम्बन्धीत ऐन कानूनहरुको व्यवस्था एवं प्रत्येक आ.व. को शुरुमा आर्थिक ऐनमा भएको संशोधन एवं कारणहरुको बारेमा करदाताहरुलाई अद्यावधिक गराउनुका साथै नियमित करदाताहरुसंग अन्तर्क्रिया र छलफल कार्यक्रमहरु संचालन भैरहेको छ । चालु आ.व.मा १० वटा यस्ता कार्यक्रमहरु सम्पन्न भैसकेको छ भने आगामि महिनामा थप २ वटा कार्याक्रमहरु संचालन गर्नुका साथै आ.व. २०७३/७४ को बजेटमा व्यवस्था भए अनुसार यस कार्यालयको कार्यक्षेत्र भित्र मोवाइल करदाता शिक्षा कार्यक्रम संचालन गर्ने योजना रेहको छ ।

० सरकारले भर्खरै बजेट सार्वजनिक गरि सकेको छ, हाल राजस्व प्रशासनले विगत लामो समयदेखि झेल्दै आएका समस्यहरु जस्तै ननफाइलर, बक्यौता व्यवस्थापन, दर्ता खारेजि लगायतका विषयमा के कस्ता नीतिहरु अवलम्बन गरिएका छन् ? प्रकाश पारिदिनुहोस् ।

- आ.व. २०७३/७४ को आर्थिक ऐनमा सो भन्दा फरक व्यवस्था गरेको छ । आपूर्ति व्यवस्थामा पर्न आएको असहज परिस्थितिको कारण करदाताले बुझाउन नसकेको आयबर्ष २०७१/७२ को आय विवरण र कर, आय बर्ष २०७२/७३ को अनुमानित आय विवरण र पहिलो किस्ताको कर, सम्बत् २०७२ साल साउन महिनादेखि फागुन महिनासम्मको अग्रिम कर कट्टीको विवरण र कर, मूल्य अभिबृद्धि कर विवरण र कर, अन्त:शुल्क विवरण र अन्त:शुल्क, स्वास्थ्य सेवा कर, शिक्षा सेवाशुल्क र चलचित्र विकास शुल्कको विवरण तथा शुल्क सम्बत् २०७३ साल असोज मसान्तभित्र दाखिला गरेमा व्याज, थप दस्तुर, शुल्क तथा विलम्ब दस्तुर नलाग्ने व्यवस्था गरेको छ । व्यवसायको दर्ता गर्ने पहिलो निकाय स्थानिय निकाय, उद्योग विभाग, वाणीज्य विभाग र कम्पनि रजिष्ट्रारको कार्यालय जस्ता निकायहरु हुने भएकोले सोही निकायमा पहिले दर्ता खारेजी गरेपछि मात्र करको दर्ता खारेजी गर्ने प्रचलन रहेको छ। सम्बन्धित निकायमा दर्ता खारेजी पछि सम्पूर्ण आर्थिक कारोवारहरुको कर परिक्षण गरी यदि कुनै कर बक्यौता नरहेको अवस्थामा करदाताको मू.अ. कर भए खारेजी आयकर र मू.अ. कर दुवै भए स्थायि लेखा नं. को स्थगन वा खारेजि गर्ने गरिन्छ ।

० हाल बजेट बक्तव्य तथा आर्थिक विधेयकबाट भएका परिवर्तनलाई व्यवहारमा उतार्नका लागि यस कार्यालयसँग सम्बन्धित विषयमा कार्य योजना बनाउनु भएको छ, प्रकाश पारिदिनुहोस् ?

- वजेट वक्तव्य तथा आर्थिक विधेयक, २०७३ ले गरेका परिवर्तनहरु मध्ये तत्काल लागू हुने अन्तशुल्क व्यवस्थाको संग सम्वन्धित परिवर्तनहरुको विषयमा यस कार्यालयमा दर्ता रहेका करदाताहरुको प्रशासन सम्वन्धित करदाता सेवा कार्यालयहरुले हेर्ने गर्दछ । आयकर ऐनको दफा २१ को शुल्क दस्तुर तथा व्याज मिन्हा सम्वन्धी व्यवस्थाको वारेमा करदातालाई करदाता शिक्षा तथा कार्यालयमा सेवा प्रदान गर्ने समयमा समेत जानकारी गराइएको छ। विशेष गरेर तत्काल दाखिला गर्नु पर्ने राजस्व २०७३ असोजसम्मको प्रावधान अर्न्तगत परेको भन्ने आधारमा राजस्व असुलीमा प्रतिकूल प्रभाव नपरोस् भनी विशेष रुपमा सूचना प्रवाह गरिएको छ। अगामी आर्थिक वर्ष देखि लागू हुने ऐन, नियमावलीको संशोधनहरु वारे करदाता शिक्षा कार्यक्रम मार्फत

सूचना प्रवाह गर्ने कार्यक्रमहरु तर्जुमा गर्ने कार्ययोजना रहेको छ ।

० कर प्रणाली सुधार तथा करको दायरा विस्तारका लागि गरिएका कार्यहरु बारेमा प्रकाश पारिदिनुहोस् ।

- कर प्रणालीको सुधार एउटा कार्यालयको गतिविधिमा मात्र सिमित हुदैन । समग्र प्रणालीको सुधारका लागि उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग २०७१ गठन भई सो आयोगबाट प्रतिवेदन समेत पेश भैसकेको अवस्थामा सुधारका लागि प्राप्त भएको सुझावहरुलाई कार्यान्वयन गर्नको लागि संस्थागत अभियान प्रारम्भ भैसकेको छ । विद्यमान ऐन कानूनको कार्यन्वयन गर्ने गराउने सन्दर्भमा आइपरेका व्यवहारिक वियषहरुलाई सम्बोधन गर्नको लागि सरोकारवालहरुसंग नियमित छलफल र अन्तर्क्रिया गरी सुझावहरु संकलन गर्नुकासाथै प्राप्त सुझावहरुलाई आन्तरिक राजस्व विभाग मार्फत नीतिगत तहमा पठाउने गरिएको छ । करदाता मैत्रि सोच र व्यवहार अनुसार विश्वका असल अभ्यास समेतलाई हाम्रो प्रशासनिक पर्यावरण अनुकुल हुनेगरी विद्यमान ऐन कानूनमा सुधार गरी कर प्रतिको सकारात्मक धारणाको विकास गर्दै गएमा कर परिपालनाको स्तर र करको दायरा विस्तार हुने देखिन्छ ।

० अन्त्यमा कर बुलेटिन मार्फत के भन्नु हुन्छ ?

- करसंग सम्बन्धित विद्यमान ऐन कानूनको पूर्ण परिपालना गर्न सचेत करदाता विना सम्भव हुदैन । ऐन कानूनको उचित जानाकारीको अभावमा गरिने दण्ड जरिवानाको प्रभावकारीता नरहने हुँदा जानकारी लिने र दिने दुवै पक्षको सक्रिय सहभागिता विना राजस्वरकर प्रशासनले राज्यले अपेक्ष गरे अनुरुप नतिजा दिन नसक्ने हुँदा हामी त्यसप्रति लक्षित छौं । आम सरोकारवाला पक्षहरुको पनि हातेमालोको अपेक्षा गर्दछौं । कर बुलेटिनलाई अझ प्रभावकारी बनाउदै लैजनाका लागि हरेक अंकमा विषयगत क्षेत्रमा विश्वको असल अभ्यास समेत समावेश गरी यसलाई अझ पठनिय एवं सूचनामूलक बनाउन सकिएमा करदाता करप्रशासन एवं सम्वद्ध सवैपक्षको क्षमता विकासमा यसको महत्व अझै बढ्न सक्ने देखिन्छ । कर बुलेटिन मार्फत विचार राख्ने अवसर दिनु भएकोमा धन्यवाद ।

शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको सफ्टवेयर निर्माण हुँदै

आन्तरिक राजस्व विभागद्वारा जेठ ५ गते शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा कर सम्बन्धी सफ्टवेयर निर्माणका क्रममा उक्त सफ्टवेयरमा प्रविष्ट गर्नुपर्ने तथ्यांक साथै सोको माध्यमबाट प्राप्त हुनुपर्ने विवरणहरुका सम्बन्धमा छलफल गरी विभिन्न निर्णयहरु भएको छ । छलफलका कार्यक्रममा करदाताले बैंकलाई बुझाएको रकम कार्यालयले वेभपेज मार्फत् प्राप्त गर्नुपर्ने, करदाताको एटीआर (ATR) कस्तो किसिमको हुने, कर विवरणको ढाँचा कस्तो हुने, भर्नुपर्ने तथ्यांक के के हुने, विजकको क्र.सं. राख्ने नराख्ने, भेरिफिकेसनको अधिकार कसलाई रहने, करको भुक्तानी समायोजन पद्दति, भौचरमा उल्लेख गर्नुपर्ने विवरण, एक भन्दा बढी स्थानमा कारोवार रहेको करदाताको प्रशासन गर्ने विषय, करदाता दर्ता रहेको कार्यालय र कारोवार स्थल रहेको कार्यालय फरक भएमा, अपिल, व्याच, अपिल फिनिस व्याचको ढाँचा तथा प्रविष्टिको अधिकार सम्बन्धी विषयमा छलफल भएको थियो ।

१ पेजको बांकी....

समन्वय र सहकार्य गर्दै प्रचलित कानूनको परिधि भित्र रही आवश्यकतानुसार एक आपसमा सूचना आदान प्रदान गरिनेछ ।

२. सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी एवं कर छलीका जोखिमका क्षेत्रहरु पहिल्याई सोको निवारणका लागि संयुक्त वा अलग अलग रुपमा जोखिम व्यवस्थापन गरिनेछ ।

३. आ-आफ्नो क्षेत्राधिकारका विषयहरु सूक्ष्म रुपमा अनुसन्धान तथा अन्वेषण गरी आवश्यकतानुसार निष्कर्ष आदान प्रदान गरिनेछ ।

४. सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण एवं कर छली नियन्त्रण सम्बन्धी कार्यमा संलग्न जनशक्तिहरुको क्षमता विकास गरिनेछ ।

५. दुवै पक्षले सूचना आदान प्रदान कार्यलाई व्यवस्थित गर्न आ-आफनो निकायमा सम्पर्क व्यक्ति (Focal Person) तोकिनेछ ।

६. यो पारस्परिक समझदारी पत्र ५ (पाँच) वर्षको लागि मान्य हुने छ । आपसी समझदारीमा आवश्यकतानुसार पुनः नवीकरण गर्न सकिनेछ ।

७. यो समझदारी पत्र दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।

८. दुवै पक्षबाट आपसी सूचना आदान प्रदानको अभिलेख व्यवस्थित गरी सोको वार्षिक प्रतिवेदन तयार गरी सो समेत आदान प्रदान गरिनेछ ।

९. दुवै पक्षको सहमतिमा आवश्यकतानुसार यस समझदारी पत्रमा संशोधन गर्न सकिनेछ ।

आन्तरिक राजस्व विभागमा आयोजित कार्यक्रममा विभागका उपमहानिर्देशकहरु श्री राममणि दुवाडी, श्री विष्णुप्रसाद नेपाल, आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं १ का प्रमुख कर प्रशासक श्री चन्द्रकला पौडेल, आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ का प्रमुख कर प्रशासक श्री अर्जुनप्रसाद पोखेल, त्यसैगरी सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका उपमहानिर्देशकहरु श्री राजेन्द्रकुमार पौडेल, श्री ज्ञानेन्द्र पौडेल, निर्देशक श्री कालिप्रसाद पोखेल र आन्तरिक राजस्व विभागका निर्देशकहरु श्री पदमकुमार श्रेष्ठ, श्री खिमबहादुर कुँवर, श्री मोहनप्रसाद वाग्ले लगायतको उपस्थिति रहेको थियो ।

बजेटमा के के समेटिए करका विषय

राजस्व नीतिका उद्देश्य

- लगानी मैत्री करनीतिको माध्यमबाट आर्थिक समृद्धिको जग बसाल्ने ।
- आर्थिक क्रियाकलाप मैत्री कर प्रणालीको कार्यान्वयनबाट अर्थतन्त्रलाई गतिशील बनाउने ।
- भूकम्प र आपूर्ति असहजताबाट क्षति भएका व्यवसायलाई पुनर्जीवन दिन वित्तीय उत्प्रेरणाको नीति लिने ।
- राष्ट्रिय उत्पादन वृद्धि गरी परनिर्भता घटाउँदै निर्यात प्रवर्द्धन गर्ने ।
- व्यापार सहजीकरण, संस्थागत क्षमता अभिवृद्धि र प्रक्रियागत सुधार गरी स्वेच्छिक कर परिपालनामा बृद्धि गर्ने ।
- संघीय वित्त सबलीकरणको लागि कराधारको संरक्षण र आर्थिक पारदर्शितामा जोड दिने ।
- राजस्व परिचालनमा गैरकर राजस्वको योगदान बढाउने ।

आर्थिक समृद्धिका लागि कर प्रणालीमा सुधार

- कर कानुन र प्रक्रियालाई सरलीकरण एवं सामयिक बनाउन एकीकृत कर संहिता विधेयक व्यवस्थापिका-संसद्मा प्रस्तुत गरिनेछ ।
- संघीयता कार्यन्वयनका लागि संघ, प्रदेश र स्थानीय तहको संघीय वित्त व्यवस्थापन विधेयक र प्रदेश तथा स्थानीय तहको नमूना कर कानुनको ढाँचा व्यवस्थापिका-संसदमा प्रस्तुत गरिनेछ ।
- कर सहभागिताको स्तर, लेखापालन र विगतका कर परीक्षण अभिलेखका आधारमा कर परिपालनाको स्तर निर्धारण गरी करदातालाई उत्तम, सामान्य र जोखिमपूर्ण वर्गमा वर्गीकरण गरिनेछ ।
- विद्युतीय व्यापारलाई करको दायरामा ल्याउन क्षमता अभिवृद्धि, विद्युतीय प्रणालीको नवीनतम प्रविधिको प्रयोग र अनुसन्धान तथा विकासमा जोड दिइनेछ ।
- आयआर्जन र व्यवसाय गर्ने सबैलाई स्थायी लेखा नम्बर प्रदान गरी थप ३ लाख नयाँ करदातालाई करको दायरामा ल्याइनेछ ।
- वार्षिक रु. ४० लाख भन्दा बढी आय भएकालाई आय बिवरण लिई सूचना बैंक बनाउने व्यवस्थालाई उच्च प्राथमिकता साथ कार्यान्वयनमा लगिनेछ ।
- वार्षिक रु. १ करोड सम्मको कारोबार गर्ने साना तथा मझौला करदाताले लेखापरीक्षण गर्न नपर्ने व्यवस्था गरिएको छ । साथै यस्ता करदाताले आफ्न्नो आय विवरण आफैं प्रमाणित गर्न सक्ने व्यवस्था मिलाइएको छ ।
- सेवा कारोबार तथा वस्तु र सेवा मिश्रित कारोबारको मूल्य अभिवृद्धि कर लाग्ने सीमालाई रु. १० लाखबाट बढाई रु. २० लाख कायम गरिएको छ । यसबाट करदाताहरूको स्वेच्छिक कर सहभागितामा सुधार हुने अपेक्षा गरिएको छ ।
- औद्योगिक प्रतिष्ठानको प्रदर्शनी कक्ष, विक्री कक्ष, पसल, होटल र रेस्टुरेन्ट तथा बार लगायतका वस्तु तथा सेवाको विक्री गर्ने स्थानमा प्रर्दशन गरिने मूल्यमा मूल्य अभिवृद्धि कर सहितको मूल्य अकिंत गर्नु पर्ने अनिवार्य व्यवस्था मिलाइएको छ ।
- व्यापार सहजीकरणका लागि कानुन एवं प्रणाली सुधारबाट भन्सार प्रक्रिया सरलीकरण, सामान्जस्यीकरण र आधुनिकीकरण गर्ने व्यवस्था मिलाइएको छ ।
- सामाजिक सुरक्षा र राजस्वको संरक्षण गर्ने गरी जोखिम परिसूचकको आधारमा भन्सार जाँचपासलाई थप प्रभावकारी बनाइनेछ । यसका साथै भन्सार जाँचपास पछिको परीक्षण प्रणालीलाई सुदृढ बनाइनेछ ।
- निकासी पैठारी व्यापारलाई व्यवस्थित गर्न आयात र निर्यात संकेत नम्बरको शुरुवात गरिनेछ ।
- सवारी साधनहरूको भन्सार जाँचपास गर्दा उत्पादक, उत्पादकको आधिकारिक विक्रेता र आधिकारिक खरिदकर्ता बीचको त्रिपक्षीय संझौतालाई भन्सार मूल्याङ्कनको आधार बनाइनेछ ।
- मदिरा, वियर, वाईन, चुरोट लगायतका सूर्तीजन्य तथा मदिराजन्य वस्तुमा लगाउदै आएको अन्तःशुल्क स्टिकरलाई प्रविधिमा आधारित अनुगमन र परीक्षण गर्न सक्ने प्रणालीको कार्यान्वयन गरी राजस्व चुहावट नियन्त्रण गरिनेछ ।
- राजस्व संरक्षणका लागि हाल वियरको कार्टुनमा लगाइएको अन्तःशुल्क स्टिकर प्रत्येक वोतलमा लगाउने व्यवस्था मिलाइनेछ ।
- गैरकर संकलन गर्ने निकायहरूलाई कानुनबाटै जिम्मेवार र उत्तरदायी बनाउने गरी कानुनी तथा संरचनात्मक सुधार गरिनेछ ।

करको दायरा विस्तार

- लामो समय देखि बृद्धि नभएको आयकर छुटको सीमा प्राकृतिक व्यक्तिको लागि रु. २ लाख पचास हजारबाट ३ लाख ५० हजार र दम्पत्तिको लागि रु. ३ लाखबाट चार लाख हुने गरी वृद्धि गरिएको छ ।
- साना तथा मझौला करदाताहरूलाई करको भार कम गरी स्वेच्छिक कर सहभागिता वृद्धि गर्न कारोबारमा लाग्ने आयकरको दरलाई पुनरावलोकन गरी घटाइएको छ ।
- अर्थतन्त्रको लागत नबढ्ने गरी मदिरा, वियर र चुरोट लगायतका वस्तुहरूको आन्तरिक उत्पादन तथा आयातमा लाग्ने अन्तःशुल्क तथा भन्सार महसुलमा वृद्धि गरिएको छ ।
- करको दायरा विस्तार र कारोबारको विल लिने दिने बानिमा सुधार गर्न योग्यता परीक्षणको आधारमा छनौट भएका विश्वविद्यालयका एक हजार इन्टर्नहरूलाई परिचालन गरिनेछ ।
- आर्थिक क्रियाकलाप विस्तार भएका क्षेत्रमा मोवाइल करदाता शिक्षा कार्यक्रम सञ्चालन र ठूला करदाताको हेरचाह र रेखदेखका लागि विशेष कक्षको स्थापना गर्ने व्यवस्था मिलाइएको छ ।

अन्त:शुल्कका दरहरूमा ८ देखि १५ प्रतिशतसम्म वृद्धि

अन्त:शुल्क वस्तुको आन्तरिक उत्पादन तथा पैठारीमा लाग्ने कर हो। करको भार अन्तिम उपभोक्तामा पर्ने भएकाले यो अप्रत्यक्ष कर पनि हो। सिद्धान्तत: मानवीय स्वास्थ्य र वातावरणीय स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने वस्तुहरु तथा विलासिताका वस्तुहरुमा अन्त:शुल्क लगाइने गरिन्छ। तर व्यवहारमा नेपाल विश्व व्यापार संगठनको सदस्य भएपछि भन्सार शुल्कको दर घटाउदै लगेको सन्दर्भमा उक्त शुल्कको क्षतिपूर्तिको लागि पैठारी भएर आउने टेलिभिजन, टेलिफोन, माइक्रोफोन, जंक फुड्स, सिमेन्ट, मार्वल, टाइल्स, फलाम, पेन्ट्स, अप्टिकल फाइवर आदि वस्तुहरुमा पनि अन्त:शुल्क असुल उपर गर्ने गरिएको छ।

अन्त:शुल्क परिमाणगत र मूल्यगत आधारमा लगाइन्छ। मदिराजन्य पदार्थ, चुरोट तथा सूर्तीजन्य पदार्थ एवं फलाम आदिमा परिमाणगत आधारमा र टेलिभिजन, प्लाष्टिकजन्य वस्तु, सवारी साधन आदिमा मूल्यगत आधारमा अन्त:शुल्क लगाइएको छ।

अन्त:शुल्क राजस्व चुहावट नियन्त्रणका लागि विभिन्न उपायहरु अपनाइएका छन् त्यसमध्ये त्यसको प्रशासन पनि पर्दछ। अन्त:शुल्क प्रशासन भौतिक नियन्त्रण र स्वयं निष्काशन प्रणालीमा आधारित छ।

मदिराजन्य पदार्थ, वियर, मोलासेस जस्ता पदार्थको उत्पादन र बिक्री वितर णको प्रशासन भौतिक नियन्त्रण प्रणाली अन्तर्गत गरिन्छ भने चुरोट, सूर्तीजन्य वस्तु, टेलिभिजन, सवारी साधन, फलाम, पेन्ट्स, प्लाष्टिकजन्य वस्तुको उत्पादनको प्रशासन स्वयं निष्काशन प्रणाली अन्तर्गत गरिएको छ।

अन्तशुल्क प्रशासन आफैमा जटिल र अर्ध न्यायिक प्रकृतिको हुन्छ। अन्त:शुल्क राजस्वको दर उच्च हुने भएकोले राजस्व चुहावटको संभावना पनि त्यतिकै हुने गर्छ। सरकारको दैनिक राज्य व्यवस्था संचालन र पूँजीगत निर्माणका लागि आवश्यक पर्ने राजस्वको महत्वपूर्ण स्रोत अन्त:शुल्क पनि हो।

सरकारले २०७३ जेठ १५ गते जारी गरेको यस वर्षको आर्थिक अध्यादेश २०७३ बाट भौतिक नियन्त्रण र स्वयं निष्काशन प्रणाली अन्तर्गत प्रशासन हुने मुख्य मुख्य वस्तुहरुमा लाग्ने अन्त:शुल्कका दरहरुमा विशेष गरी मदिराजन्य र सूर्तीजन्य वस्तुहरुमा लाग्ने अन्त:शुल्कमा ८ देखि १५ प्रतिशतसम्म वृद्धि गरी राजस्व संकलन गर्ने लक्ष्य राखेको छ। आर्थिक अध्यादेश २०७३ ले अन्त:शुल्कजन्य वस्तुहरुमा तोकेको दर पृष्ठ ११ मा उल्लेख गरिएको छ।

भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आ(न्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ। तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

आ.व. २०७२/७३ वैशाखसम्मको राजस्व संकलनको समीक्षा

आर्थिक वर्ष २०७२/७३ वैशाख महिनासम्मको राजस्व संकलनको अवस्थाका सम्बन्धमा आन्तरिक राजस्व विभागमा वैशाख २१ गते समिक्षा तथा आर्थिक विधेयक २०७३ ले गरेका कर सम्बन्धी व्यवस्थाका सम्बन्धमा छलफल सम्पन्न भएको छ ।

महानिर्देशक श्री चुडामणि शर्माले हामी आर्थिक वर्षको अन्त्यतिर छौं भन्नुहुँदै लक्ष्यलाई केन्द्र विन्दूमा राखेर काम गर्न निर्देशन दिनुभयो । कार्य सम्पादनलाई प्रभावकारी बनाउन अतिरिक्त समय लगाएर एक डेढ महिनाका लागि विहानैदेखि बेलुकासम्म खट्न निर्देशन दिनु भएको थियो । श्री शर्माले कसैको खाता, जग्गा रोक्का गर्दा हामीले स्पष्ट गरेर काम गर्न जरुरी रहेको बताउनुहुँदै करदनताको नाम, ठेगाना, प्यान नम्बर के कारणले रोक्का गर्न लागिएको हो, स्पष्ट हुन जरुरी रहेको बताउनुभयो । आफ्नो क्षेत्रमा पर्ने कुनै सार्वजनिक संस्थाको वक्यौता छ भने छिटो भन्दा छिटो फरफारक गर्न निर्देशन दिनुहुँदै शेयर दलाली कारोवार गर्न मूल्य अभिवृद्धि करमा अनिवार्य रुपमा दर्ता हुनुपर्ने जानकारी दिनुभयो । आगामी ५ वर्ष भित्रमा कुनै पनि कर कार्यालयको आफ्नै भवन हुने बताउनुहुँदै प्रकृयामा जान र जग्गा खोजी राख्न निर्देशन दिनुभयो । महानिर्देशक शर्माले करदाता खोज्नको लागि कति मेहनत गर्नुभयो भन्नुहुँदै सार्वजनिक सूचना निकाल्नुस्, प्रहरीको सहयोग लिएर भए पनि करदाता पत्ता लगाउन निर्देशन दिनुभयो । उहाँले भएको जनशक्तिबाट म्यानेज गरेर कार्य सम्पादन गर्न निर्देशन दिनुहुँदै घर बहाल भन्दा कारोवार कम देखिएमा, कारोवारको ७०-८० प्रतिशत पारिश्रमिकमा मात्र खर्च भएको देखाएमा करदाता(ाको अनुसन्धान गर्न निर्देशन दिनुभयो । साना तिना कुराहरुमा करदातालाई पत्र बोकेर घुमाउने, विभाग पठाउने, मन्त्रालय पठाउने, प्रवृत्तिको अन्त्य गर्न निर्देशन दिनुभयो । महानिर्देशक शर्माले ऐन, नियम, कार्यविधिहरु अध्ययन गर्न निर्देशन दिनुहुँदै सेवा प्रवाह र सुशासन माथि प्रश्न चिन्ह चाल्न नहुने उहाँको भनाइ थियो ।

कार्यक्रममा उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले मसग्रमा राजस्व पुग्ने देखिएको बताउनुहुँदै भ्याटको कर उत्साहजनक रहेको जानकारी दिनुभयो । आफूले कार्य सम्पादन गरेका काम कति गुणस्तरीय छन्, हामी कहाँनेर छौं । हामी गम्भीर बन्न जरुरी छ । कारोवार ठूलो मात्रामा गर्ने तर कर तिर्दा थोरै तिर्ने । करको दायरामा आउनुपर्ने कति आए, यसको अध्ययन गरेर सुधारलाई निरन्तरता दिन निर्देशन दिनुभयो ।

आन्तरिक राजस्व विभाग अन्तर्गतका काठमाडौंस्थित कार्यालयका प्रमुख कर अधिकृतहरुले करदाता पत्ता लगाउन नसक्ने समस्या रहेको, फाइल राख्न समस्या भएको, जनशक्ति कम भएको लगायतका समस्याहरु प्रस्तुत गर्नु भएको थियो ।

आर्थिक वर्ष २०७३/७३ को वैशाख महिना सम्मको प्रगतिका सम्बन्धमा विभागका निर्देशक श्री अर्जुनप्रसाद भट्टराईले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने आर्थिक विधेयक २०७३ ले गरेका कर छुट सम्बन्धी व्यवस्थाका सम्बन्धमा विभागका निर्देशक श्री नरनाथ गिरीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । २०७३ वैशाखसम्मको लक्ष्य रु १ खर्ब ५० अर्ब ५० करोड ३९ लाख ३० हजार रहेकोमा रु १ खर्ब ५६ अर्ब ७५ करोड ८८ लाख ५३ हजारको प्रगति भएको जानकारी गराइएको थियो । यस वर्षको वैशाख महिनाको मात्र लक्ष्य रु १५ अर्ब ७८ करोड ८९ लाख भएकोमा कर संकलन २५ अर्ब ७९ करोड ९७ लाख भई लक्ष्यको १६३ प्रतिशत प्रगति भएको छ ।

लक्ष्य बमोजिम १३ वटा कार्यालयहरुले असुली गरेको तर २३ वटा कार्यालयले लक्ष्य अनुसार असुल गर्न नसकेको जानकारी गराइएको थियो ।

यस आ.व को वैशाख सम्ममा जम्मा रु ४ अर्ब ७३ करोड ७८ लाख ७४ हजार बक्यौता असुली भएको छ । यसमध्ये मू.अ.कर रु २ अर्ब ४५ करोड १० लाख ४७ हजार तथा आयकर रु २ अर्ब २८ करोड ६८ लाख २७ हजार रहेको छ । गत आ.व.मा सोही अवधिमा बक्यौता असुली जम्मा रु ३ अर्ब ३२ करोड ६७ लाख ९० हजार भएको थियो । सो मध्ये मू.अ.कर वक्यौता असुली जम्मा रु २ अर्ब ३४ करोड ३५ लाख ७० हजार तथा आयकर वक्यौता असुली रु ९८ करोड ३२ लाख २० हजार रहेको थियो ।

यस आ.व.को वैशाख सम्ममा जम्मा ३०६८ वटा पूर्ण कर परीक्षण सम्पन्न भएको छ । कर परीक्षणबाट रु ३ अर्ब २५ करोड कर निर्धारण भई प्रति केस रु १० लाख ५९ हजार कर निर्धारण भएको छ । गत आ.व.को सोही अवधिसम्ममा जम्मा ३१७८ वटा पूर्ण कर परीक्षण भएको थियो । गत वर्ष रु ३ अर्ब ८७ करोड ३० लाख कर निर्धारण भई प्रति केश रु १२ लाख १९ हजार कर निर्धारण भएको थियो । यस आ.व.को वैशाख सम्ममा जम्मा ६२९ वटा अनुसन्धानमूलक कर परीक्षण सम्पन्न भएको छ । उक्त कर परीक्षणबाट रु ८१ करोड ४० लाख कर निर्धारण भई प्रति केस रु १२ लाख

बांकी १२ पेजमा..

आर्थिक विधेयक, २०७३ मा का मुख्य मुख्य व्यवस्थाहरू

(क) छुट तथा सुविधा :

आर्थिक विधेयक २०७३ ले देहाय बमोजिमका छुट सुविधाको व्यवस्था गरेको छ :

१. असहज परिस्थितीका कारण आयवर्ष २०७१।७२ को आयविवरण र कर, २०७२/०७३ को अनुमानित आय विवरण साउन देखि फागुण सम्मवुझाउनु पर्ने आयकरको अनुमानित विवरण र पहिलो किस्ताको कर, २०७२ साउन देखि फाल्गुण महिनासम्मको अग्रिम कर कट्टीको विवरण र कर, मू.अ.कर विवरण र कर, अन्तःशुल्क विवरण र अन्तशुल्क, स्वास्थ्य सेवा कर, शिक्षा सेवा शुल्क र चलिचत्र विकास शुललकको विवरण तथा शुल्क २०७३ असोज मसान्तभित्र दाखिला गरेमा ब्याज, थपदस्तुर, शुल्क तथा विलम्ब दस्तुर मिन्हा गरिएको।

२. असहज परिस्थितीका कारण भन्सार बिन्दुमालागेको २०७२ भाद्र १ गते देखि २०७२ फाल्गुण मसान्तसम्मको डिटेन्सन, डेमरेज र पार्किङ्ग शुल्क प्रमाणका आधारमाआयकरमाखर्च कट्टी गर्न पाउने व्यवस्थागरिएको ।

३. आर्थिक वर्ष २०७१।०७२ मा गठित नगरपालिकामा संचालित बचत तथा ऋण सहकारीलाई उक्त आय वर्षमा लागेको आयकर छुट गरिएकोछ । साथै त्यस्ता सहकारीले उक्त वर्षमा तिरेको आयकर आयवर्ष २०७२।०७३ मा मिलान गर्न दिइएको ।

(ख) आयकर तर्फ भएका महत्वपूर्ण संशोधनहरू

१. गुट्का, पानमसला उद्येगलाई विशेष उद्योग नमान्ने र कृषि तथा वनजन्य र खनिज उद्योगलाई विशेष उद्योगको परिभाषामा समेटिएको । (ऐनको दफा ११ को स्पष्टिकरण खण्ड)

२. विडी, सिगार, खानेसुर्ति, खैनी, गुट्खा, पानमसला जस्ता उद्योगहरुको लगानीको स्रोत खोज्न सकिने व्यवस्था गरिएको । (ऐनको दफा ११ख.)

३. धितोपत्र बजारमा सूचिकृत भएका उत्पादनमुलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने र दफा ११ को उपदफा (३ग) मा उल्लेख भएका निकायहरुलाई लाग्ने करमा पन्ध्र प्रतिशतले छुट हुनेछ। (ऐनको दफा ११को उपदफा (३छ)

४. मर्जरमा जाने बैंक तथा वीमा कम्पनीलाई आशयपत्र दिने अवधी २०७५ असारसम्म र गाभिने प्रकृया पुरा हुनु पर्ने अवधीलाई २०७६ असारसम्म वढाइएको । (ऐनको दफा ४७क.)

५. वासिन्दा व्यक्तिले भूउपग्रह, ब्याण्डविथ, अप्टिकरल फाईबर, दूरसंचार सम्बन्धी उपकरण वा विद्युत प्रशारण लाइन प्रयोग गरे वापतको भुक्तानीमा १० प्रतिशतका दरले अग्रिमकर कट्टी गर्ने व्यवस्था गरिएको। (ऐनको दफा ८८ को उपदफा १को स्पष्टिकरणको खण्ड ६)

६. साझेदारी फर्मले वितरण गरेको लाभांश पनि अन्तिम कर कट्टी हुने भुक्तानी हुने व्यवस्था गरिएको (ऐनको दफा ९२ (१))

७. नेपाल धितोपत्र बोर्डमा सूचिकृत नभएको निकायको हितको निसर्ग भई शेयर अभिलेखीकरण गर्दा कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने व्यवस्था गरिएको (ऐनको दफा ९५क.)

८. वासिन्दा प्राकृतिक व्यक्ति वाहेक अन्य व्यक्ति वा निकायको जग्गा वा भवन विक्री गर्दा भएको लाभमा समेत अग्रिम कर असुल उपर गर्ने व्यवस्था गरिएको। (ऐनको दफा ९५क)

९. प्रशासकीय पुनरावलोकनको निवेदन दिंदा नै एक तिहाई रकम बुझाई निवेदन दिनुपर्ने व्यबस्था गरिएको। (ऐनको दफा ११५ को उपदफा ६)

१०. कर छलीलाई मद्दत गर्ने, दुरुत्साहन गर्ने वा झुट्टा वित्तीय वा कर लेखा प्रमाणित गर्ने वा गलत परामर्श दिने" व्यक्तिलाई मतियारको रुपमा कारवाही गर्न सकिने व्यबस्था गरिएको। (ऐनको दफा १२७)

११. साविकमा नेपाल सरकारले विशेषज्ञ सेवा लिन सक्ने व्यवस्था रहेकोमा विभागले समेत विशेषज्ञको सेवा लिन सक्ने व्यवस्था गरिएको। (ऐनको दफा १३२)

१२. प्राकृतिक व्यक्ति र दम्पत्तिलाई कर छुटको सीमा एक लाख रुपैयाले बृद्धि गरी क्रमशः तीन लाख पचास हजार रुपैया र चार लाख रुपैया कायम गरिएको । (ऐनको अनुसूची १ को दफा १को उपदफा (१), (२), (३) र (४))

१३. कारोवारमा आधारित कर (Turnover Tax) को दर घटाइएको (ऐनको अनुसूची १को दफा १ को उपदफा १७ को खण्ड (क) र (ख))

(क) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन कारोवारमा - ०.२५ प्रतिशत

(ख) खण्ड (क) मा उल्लिखित व्यवसाय वाहेकको व्यवसाय गर्ने व्यक्तिको कारोबार रकमको - ०.७५ प्रतिशत

(ग) मूल्य अभिबृद्धि कर तर्फ भएका महत्वपूर्ण संशोधनहरु

१. संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) र सो उपक्रमका साझेदारहरु दर्ता रहेका कार्यालयमध्ये कुनै एक कार्यालयमा दर्ता हुनु पर्ने र ज्वाइन्ट भेन्चरका साझेदारहरु ज्वाइन्ट भेन्चरको कर दायित्व भुक्तान गर्ने प्रयोजनका लागि संयुक्त वा छुट्टा छुट्टै रुपमा जिम्मेवार हुने व्यवस्था गरिएको । (दफा १०ख.)

२. कर अधिकृतले तोकिएको अवस्था रहेका करदाताको दर्ता खारेजी अनिवार्य रुपमा गर्नु पर्ने व्यवस्था गरिएको । बिगत बाह्र महिनामा बस्तुको हकमा पचास लाख रुपैयाँ र वस्तु तथा सेवा मिश्रित कारोवारको र सेवाको हकमा बीस लाख रुपैयाँ करयोग्य कारोवार नपुगेको करदाताको दर्ता खारेजी गर्नुपर्ने व्यवस्था गरिएको। (दफा ११)

३. करको भुक्तानी विद्युतीय माध्यमवाट समेत गर्न सक्ने व्यवस्था गरिएको । (दफा १९ (७))

४. अनुसूची १ बमोजिम जुन जुन वस्तुलाई कर फिर्ता दिइएकोछ ती बस्तु पुनःनिर्यात गरेमा त्यस्ता बस्तुको खरिदमा तिरेको कर फिर्ता नहुने व्यवस्था गरिएको । (दफा २५घ. थप)

५. कर छुटको सूचीमा देहायका वस्तु तथा सेवा थप गरिएको : (अनुसूची १)

(क) समूह ५ मा पर्ने वस्तुहरु:

➢ नेपाल सरकारवाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाले पैठारी गर्ने मृगौला उपचारमा प्रयोग हुने उपशिर्षक ९०१८.९०.०० मा पर्ने हेमोडाइलाइसिस मेशिन, डायालाईसिस रिप्रोसेसर र यसको ट्यूवीङ्ग, उपशिर्षक ९४०२.९०.०० मा

पर्ने डायालाईसिस बेड तथा कुर्सी; मुटुको रोग निदान तथा उपचारमा प्रयोग हुने उपशिर्षक ९०१८.१२.०० मा पर्ने इकोकार्डियोग्राफ; उपशिर्षक ९०१८.९०.०० मा पर्ने भिडीयोस्कोप, क्याथल्याव, हर्टलङ्ग मेशिन र डिफ्रिब्रिलेटर; क्यान्सर रोगको निदान तथा उपचारमा प्रयोग हुने उपशिर्षक ९०२२.१२.०० मा पर्ने पोजिट्रोन इमिसन टोमोग्राफि (पेट) स्क्यान मेशिन, कम्प्यूटेड टोमोग्राफी (सी.टी.) स्क्यान मेशिन, मेमोग्राफी; उपशिर्षक ९०२२.२१.०० मा पर्ने ब्रेसीथेरापी र लिनियर एक्सिलरेटर; रोग निदानमा प्रयोग हुने उपशिर्षक ९०१८.१९.०० मा पर्ने फ्लोसाईटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोयरी प्लेटफर्म र मल्टीप्लेक्स रियल टाईम पि.सि.आर, हेमाटोलोजी एनालाइजर, ब्लड केमेष्ट्री एनालाइजर, क्लिनिकल केमेष्ट्री एनालाइजर र इम्युनोकेमेष्ट्री एनालाइजर; उपशिर्षक ९०१८.१३.०० मा पर्ने म्याग्नेटीक रिजोनेन्स इमेजिङ्ग (एम.आर.आई) मेशिन ।

- नेपालमा विद्युतीय रिक्सा उत्पादन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले आफ्नो उत्पादन प्रयोजनका लागि पैठारी गर्ने विद्युतीय रिक्सामा प्रयोग हुने शीर्षक ८७.१४ अन्तर्गतका पार्टपूर्जा र सहायक सामग्री ।

(ख) समुह ११ (अ) मालवस्तुहरू

- ८४१३.७०.९० - ब्याट्रीवाट चल्ने पानी तान्ने पम्प (डि.सी.पम्प) -अन्य पम्पहरु; तरल उत्थापक (तान्ने) हरु

(ग) समुह ११ (आ) अन्य वस्तु तथा सेवाहरू

- फलफूल खेती बीमा, पंक्षीबीमा, मत्स्यपालन बीमा र मौरीपालन बीमा (समुह ११ को (आ) को सि.नं.३)
- बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारीसमा सौर्य टुकीमा प्रयोग हुने १२ भोल्ट र १० एम्पियर भन्दा कम क्षमताका लिथियम आयन ब्याट्री (समुह ११ को (आ) को सि.नं.६)
- घ्यू तेल उद्योगलाई दिंइदै आएको कर फिर्तालाई चालिस प्रतिशतमा झारिएको । यस्तो प्रशोधित घ्यू वा तेल अन्य उद्योगलाई वा ठूलो परिमाण (Bullk) मा अन्य व्यक्तिलाई विक्री गरेकोमा यस्तो सुविधा प्रदान गरिने छैन । साथै प्रशोधित तेल पैठारी गरी ठूलो परिमाण (Bullk) मा अन्य उद्योगलाई विक्री गर्ने उद्योग र उपभोक्ता प्याकेजमा प्याकिङ्ग (Refilling) गरी बिक्री वितरण गर्ने प्याकेजिङ्ग उद्योगहरुले समेत यस्तो सुविधा पाउने छैनन् । (समुह ११ को (आ) को सि.नं.१४)
- चिया उद्योगले अक्सन हाउसलाई बिक्री गर्दा समेत पचास प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता पाउने । (समुह ११ को (आ) को सि.नं.१६)
- स्वदेशी कपडा उद्योगले सरकारी निकायलाई बिक्री गर्दा समेत कर फिर्ता दिइनेछ । । (समुह ११(आ) अन्य वस्तु तथा सेवाको सि.नं.१८)
- सेलुलर मोवाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले चालीस प्रतिशत मात्र कर फिर्ता पाउने । (समुह ११(आ) को सि.नं. १९)
- विदेशी नियोग तथा दातृ संस्था र कुनै आयोजनाले महसुल सुविधामा पैठारी गरेको सवारी साधन सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा मू.अ.कर नलाग्ने अवधि दश वर्ष कायम गरिएको । (समुह ११(आ) अन्य वस्तु तथा सेवाको सि.नं.२२)
- ब्याट्रीको पुन: प्रशोधन गर्ने उद्योगले सो प्रयोजनको लागि खरिद गर्ने मेशिन । (समुह ११(आ) अन्य वस्तु तथा सेवाको सि.नं.२७)
- प्लाष्टिकको झोला उत्पादन गर्ने उद्योगले प्लाष्टिकको झोला प्रतिस्थापन गरी कपडा, जुट वा कागजका वातावरण मैत्री झोला उत्पादन गरेमा त्यस्तो उत्पादनको लागि चाहिने मेशिन । (समुह ११(आ) अन्य वस्तु तथा सेवाको सि.नं.२८)

६. कर छुटको सूचीबाट देहायका वस्तु तथा सेवा हटाईएको : (अनुसूची १)

- चेकफर्महरु (समुह ११ अन्य वस्तु तथा सेवा (अ) मालवस्तुहरु संकेत नम्बर ४९०७.००.००
- ट्युबुलर ब्याट्री (समुह ११ अन्य वस्तु तथा सेवा (आ) अन्य वस्तु तथा सेवाहरु सि.नं. ५ संकेत नम्बर ८५०७.२०

७. अनुसूची २ शुन्य दरको सुविधा पाउने वस्तुको सूचीमा थप गरिएको
खण्ड ६ : जनसंख्या तथा वातावरण मन्त्रालयको सिफारिशमा सफा टेम्पोमा प्रयोग हुने डिप साइकल लिड एसिड व्याट्रीहरु (उपशीर्षक ८५०७.२०.००) ।

८. वस्तु तथा सेवा मिश्रित कारोवार र सेवा व्यबसायको हकमा बीस लाख रुपैयासम्मको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार दर्ता गराउनु नपर्ने व्यवस्था गरिएको ।
९. दर्ता भएको व्यक्तिले प्रदर्शन गर्ने मूल्य (ट्याग प्राइस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिबृद्धि कर सहितको मूल्य उल्लेख गर्नु पर्ने व्यवस्था गरिएको ।
१०. ईटा उद्योग, छापा, छापा तथा विद्युतीय प्रकाशन एवं प्रसारण गृहले समेत चौमासिक रुपमा कर विवरण पेश गर्न सक्ने व्यवस्था गरिएको ।

(घ) अन्त:शुल्क तर्फ भएका महत्वपूर्ण सम्शोधनहरू

१. सम्वत् २०७२ साल असार २८ गते भित्र अन्त:शुल्क फिर्ताको लागि उद्योग विभागमा निवेदन दिएका करदातालाई अन्त:शुल्क फिर्ता दिने व्यवस्था र त्यसको प्रतिबन्धात्मक वाक्यांश हटाइएको । (ऐनको दफा ३ (ख) को उपदफा ९)
२. उत्पादक र पैठारीकर्ताले हरेक बर्षको श्रावण महिना र अन्यले एक बर्ष भित्रमा आफ्नो अन्तशुल्क इजाजतपत्र नविकरण गराउनु पर्ने अन्यथा इजाजतपत्र खारेज हुने व्यवस्था गरिएको । (ऐनको दफा ९ को उपदफा (६))
३. इजाजतपत्र स्थगनको जानकारी करदाताले कारोवार गर्न छाडेको पन्ध्र दिन भित्र दिनुपर्ने । । (ऐनको दफा ९क. को उपदफा (१))
४. अन्तशुल्क अधिकृतले पन्ध्र दिन भित्र दिनुपर्ने व्यवस्था गरिएको । (ऐनको दफा ९क. को उपदफा (२))
५. इजाजतपत्र वालाले उपदफा (२) बमोजिम स्थगन भएको इजाजतपत्रवाट बस्तु वा सेवाको कारोवार शुरु गर्न चाहेमा अन्त:शुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदन प्राप्त भएपछि अन्त:शुल्क अधिकृतले कारोवार शुरु गर्न इजाजत दिनु पर्नेछ । (ऐनको दफा ९क. को उपदफा (५))
६. इजाजतपत्र नविकरण नगराएमा अन्त:शुल्क अधिकृतले इजाजतपत्र रद्द गर्न सक्ने व्यवस्था गरिएको । (ऐनको दफा १० खण्ड (ङ))

७ .अन्तशुल्क दरबन्दीमा गरेका मुख्य मुख्य संशोधनहरू

आर्थिक ऐन २०७२ तथा आर्थिक ऐन २०७३ मा भौतिक नियन्त्रण अन्तरगतका वस्तुहरुको अन्तशुल्क दरबन्दी व्यवस्था तुलनात्मक तालिका

उपशीर्षक	वस्तु वा सेवाको विवरण	इकाइ	अन्त:शुल्क दर ०७२।७३	अन्त:शुल्क दर ०७३।७४	बृद्धि दर प्रतिशत
	बियर				
२२०३.००.००	जौबाट बनेको बियर		९८	१०६	८।२
	वाइन				
२२०४.२९.४०	स्वदेशमा निर्मित वाईन (चुत्रो, स्याउ र ऐसेलुबाट, निर्मित १२ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको)	प्रति लिटर	६६	७४	१२।१
	छ्याङ्ग (कन्ट्री बियर)				
२२०६.००.१०	छ्याङ्ग (कन्ट्री बियर)	प्रति लिटर	२०	२२	१०।०
	अन्य				
२२०२.९०.००	चिनी हालेको वा गुलियो गरेको र वास्ना आउने सुरुचिकर पानी, प्राकृतिक र कृत्रिम खनिज पानी र वायु प्रवाहित पानी (एरिटेड) समेत र शीर्षक २०.०९ को फलफूल र बनस्पतिको रस समावेश नभएको अल्कोहल रहित पेय पदार्थ।	प्रति लिटर	६।५	७	७।७
	साइडर				
२२०६.००.३०	स्वदेशमा उत्पादित साइडर		१००	१०८	८।०
	मदिराहरु				
विभिन्न	१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर	७९३	९१२	१५।०
		प्रति एल.पि. लिटर	९३३	१०७३	१५।०
विभिन्न	२५ यु.पि. शक्तिका (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर	५९१	६८०	१५।१
		प्रति एल.पि. लिटर	७८८	९०६	१५।०
विभिन्न	३० यु.पि. शक्तिका (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर	५५१	६३४	१५।१
		प्रति एल.पि. लिटर	७८८	९०६	१५।०
विभिन्न	४०यु.पि. शक्तिको (३४.२३ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर	२७९	३२१	१५।१
		प्रति एल.पि. लिटर	४६५	५३५	१५।१
विभिन्न	५० यु.पि. शक्तिको (२८.५३ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर	११५	१३२	१४।८
		प्रति एल.पि. लिटर	२३०	२६५	१५।२
विभिन्न	७० यु.पि. शक्तिको(१७.१२ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर	२४	२६	८।३
		प्रति एल.पि. लिटर	८०	८८	१०।०
	चुरोटहरु				
२४०२.२०.१०	फिल्टर नभएको	प्रति एम	३२०	३४६	८।१
	फिल्टर भएको	प्रति एम			
२४०२.२०.२१	७० मि.मि. सम्मको लम्बाईमा	प्रति एम	७२३	७९५	१०।०
२४०२.२०.२२	७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको)	प्रति एम	९३१	१०२४	१०।०
२४०२.२०.२३	७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको)	प्रति एम	११९३	१३३६	१२।०
२४०२.२०.२४	८५ मि.मि. भन्दा बढी लम्बाईमा (फिल्टर भएको)	प्रति एम	१६२४	१८६८	१५।०
	बिडी र अन्य				
२४०२.९०.१०	तयारी बिडी	प्रति एम	७५	८४	१२।०
२४०३.९१.००	समरुपी (होमोजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिचूएटेड) सुर्ती	प्रति कि.ग्रा.	२०५	२३०	१२।२
	जर्दा, खैनी, गुट्खा आदि				
२४०३.९९.१०	जर्दा, खैनी, नस (स्नफ) र गुट्खा र निकोटीनयुक्त पान मसलाहरु तथा यस्तै सूर्ती मिश्रित तयारी वस्तुहरु	प्रति कि.ग्रा.	३७५	४२०	१२।०
२४०३.९९.२०	चूना मिलाई खाने खुद्रा बिक्रीको लागि प्याकिङ्ग गरिएको सुर्ती	प्रति कि.ग्रा.	२०५	२३०	१२।२
२४०३.९९.३०	खुद्रा बिक्रीको लागि नराखिएको काटिएको सुर्ती (कट् टोबाको); धुलो सुर्ती (डस्ट टोबाको)	प्रति कि.ग्रा.	२०५	२३०	१२।२
	अन्य				
२१०६.९०.२०	सुर्तीरहित पान मसला	प्रति कि.ग्रा.	३७५	४२०	१२।०
२१०६.९०.७०	सूर्ति रहित सुगन्धित सुपारी	प्रति कि.ग्रा.	१३८	१५५	१२।३
	टेलीभीजन				
८५२८.७२.१०	अनएसेम्बल्ड अवस्थाका	मोल प्रतिशत	५	१०	१००।०
८५२८.७२.९०	अन्य (तयारी टेलीभिजन)	मोल प्रतिशत	५	१०	१००।०
८५२९.९०.१०	टेलिभिजन रिसिभरका	मोल प्रतिशत	१५	१०	(३३।३)

(ङ) स्वास्थ्य सेवा करमा भएको महत्वपूर्ण संशोधन

➢ आर्थिक ऐन २०७२ को दफा ७ को उपदफा (१९) मा एक पटक मूल्य अभिबृद्धि करमा दर्ता भएपछि पांच वर्ष पछि स्वास्थ्य सेवा कर असुल गर्ने गरी छनौट गर्न पाउने व्यबस्था रहेकोमा सो व्यवस्था हटाई एक पटक मूल्य अभिबृद्धि करमा दर्ता भएपछि स्वास्थ्य सेवा शुल्क असुल गर्ने गरी छनौट गर्न नपाउने व्यबस्था गरिएको।

८ पेजको बांकी

९५ हजार कर निर्धारण भएको छ । गत आ.व.को सोही अवधिमा जम्मा १०७६ वटा अनुसन्धानमूलक कर परीक्षण सम्पन्न भएको थियो । उक्त कर परीक्षणबाट रु ८६ करोड कर निर्धारण भई प्रति केस रु ७ लाख ९९ हजार कर निर्धारण भएको छ । २०७३ जेष्ठ १८ गते सम्म २ अर्व ३ करोड ७५ लाख ९९ हजार फछ्र्यौट भएको छ । कुल बेरुजु रकम

४ अर्ब १७ करोड ५८ लाख ८ हजार मध्ये ४८.८ प्रतिशत बेरुजु फछ्र्यौट भएको छ । आर्थिक ऐन २०७२ को दफा २२ बमोजिम २० हजार भन्दा कम बक्यौता हुने करदाताको वक्यौता रकम मिन्हा गर्ने व्यवस्था भए अनुसार हालसम्म ३६२९३ करदाताको १५ करोड ८९ लाख ३७ हजार मिन्हा भएको छ ।

१ पेजको बांकी

करोड ७५ लाख ८४ हजार र रु. ६६ करोड ४७ लाख ८० हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९५ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ११० प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर १३३ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १२२ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १२७ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १२४ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ११९ प्रतिशत रहेको छ ।

स्थायी लेखा नम्बर दर्ता सम्वन्धमा परिपत्र

उपर्युक्त सम्वन्धमा त्यस कार्यालयको मिति २०७३/१/१२ च.नं. १४० को पत्र बाट कुन कुन निकायले कारोबार गर्न स्थायी लेखा नम्बर (पान) दर्ता नभै कारोबार गर्न छुट प्राप्त गर्ने हो सो सम्बन्धमा स्पष्ट गरि पठाइ दिन अनुरोध भै आएकोमा आयकर ऐन २०५८ को दफा ६ मा निर्धारणयोग्य आयमा समावेश हुने आयहरु उल्लेख भएको र आयकर नियमावली २०५९ को नियम २३ को उपनियम (१) मा नियमावली प्रारम्भ हुँदाका बखत स्थायी लेखा नम्बर प्राप्त गरी नसकेको र निर्धारण योग्य आय आर्जन गर्न चाहने, विभागले स्थायी लेखा नम्बर लिनुपर्ने भनी तोकेको वा ऐनको परिच्छेद १७ अन्तर्गत कर कट्टी गर्नु पर्ने जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखा नम्बरको लागि विभागमा निवेदन दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । सो प्रावधान बमोजिम निर्धारण योग्य आय हुने एवं आयकर ऐन २०५८ को परिच्छेद १७ अन्तर्गत भुक्तानीमा कर कट्टी गर्नुपर्ने स्थायी वा अस्थायी जुनसुकै प्रकृतिका व्यक्ति, संस्था वा निकायले स्थायी लेखा नम्बर लिनुपर्ने व्यहोरा अनुरोध गर्दछु ।

बहालधनीहरू करको दायरामा आउने सम्बन्धी आन्तरिक राजस्व विभागको अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई वहाल आय आर्जन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

संरक्षक
चुडामणि शर्मा

संयोजन
दीपक अधिकारी

सल्लाहकार
राममणि दुवाडी विष्णुप्रसाद नेपाल

सम्पादन समूह
सम्झना बराल अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले